संघीय संसद

राष्ट्रिय सभा

सत्रौं अधिवेशन

बैठक-७

सूचनापत्र-२

(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

२०८१ फागुन ६ गते, मङ्गलवार

*बैठक प्रारम्भः- १:१८ बजे*

*बैठक स्थगितः- ४:०५ बजे*

---

संघीय संसद, राष्ट्रिय सभाको सत्रौं अधिवेशनको सातौं बैठक सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहालको अध्यक्षतामा अपराह्न १:१८ बजे प्रारम्भ भयो।

सर्वप्रथम, सम्माननीय अध्यक्षले आकस्मिक समयमा बोल्नको लागि माननीय सदस्यहरूबाट माग भएबमोजिम बढिमा ५ मिनेटको समय निर्धारण गरी बोल्ने समय उपलब्ध गराउनुभयो।

**माननीय सदस्य राधेश्याम पासवान**ले सिराहा जिल्लामा घटेको बलात्कारको घटनामा पीडित भएकी बालिकाले न्याय नपाएको कारणले रिङकु सदाले आत्महत्या गरेको विषय, भारतको कलिङ्गा इन्स्टिच्युट अफ इन्डष्ट्रियल टेक्नोलजीमा अध्ययनरत प्रकृति लम्सालको रहस्यमय मृत्युको विषय र तनहुँ र रूपन्देही जिल्लामा जनप्रतिनिधि बाट कर्मचारी कुटपिट गरिएको विषय उठाउँदै सत्य तथ्य छानविन गरि पीडितलाई न्याय दिलाउन सरकारको ध्यानाकर्षण गराउनु भयो।

**माननीय सदस्य मदन कुमारी शाह**ले भारतको कलिङ्गा इन्स्टिच्युट अफ इन्डष्ट्रियल टेक्नोलजीमा अध्ययनरत प्रकृति लम्सालको रहस्यमय मृत्युको विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य कृष्ण बहादुर रोकाय**ले भारतको कलिङ्गा इन्स्टिच्युट अफ इन्डष्ट्रियल टेक्नोलजीमा अध्ययनरत प्रकृति लम्सालको रहस्यमय मृत्युको विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य मोहम्मद खालिद**ले भारतको कलिङ्गा इन्स्टिच्युट अफ इन्डष्ट्रियल टेक्नोलजीमा अध्ययनरत प्रकृति लम्सालको रहस्यमय मृत्यु तथा विद्यार्थीको सुरक्षाको विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो।
**माननीय सदस्य तुल प्रसाद विश्वकर्मा**ले भारतको कलिङ्गा इन्स्टिच्युट अफ इन्डष्ट्रियल टेक्नोलजीमा अध्ययनरत प्रकृति लम्सालको रहस्यमय मृत्यु तथा विद्यार्थीको सुरक्षाको विषयमा सरकारको ध्यानाकर्षण गराउनु भयो।
**माननीय सदस्य तुलसा कुमारी दाहाल**ले भारतको कलिङ्गा इन्स्टिच्युट अफ इन्डष्ट्रियल टेक्नोलजीमा अध्ययनरत प्रकृति लम्सालको रहस्यमय मृत्युको विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो।

तत्पश्चात, सम्माननीय अध्यक्षले आकस्मिक समयमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराए पश्चात सम्माननीय अध्यक्षले सरकारको देहायको ध्यानाकर्षण गराउनु भयोः- "माननीय सदस्यहरूले उठाउनु भएको भारतको उडिसा राज्य स्थित कलिङ्गा इन्स्टिच्युट अफ इन्डष्ट्रियल टेक्नोलजीमा अध्ययनरत छात्रा स्व. प्रकृत लम्सालको रहस्यमय मृत्युको विषयले सभाको गम्भिर ध्यानाकर्षण भएको छ। यस विषयमा सत्यतथ्य छानविन गरि यथार्थ अवस्था पहिचान गरी निज छात्रालाई उचित न्याय प्रदान गर्न यथाशीघ्र गम्भिर रुपमा कूटनीतिक पहल गर्न नेपाल सरकारको ध्यानाकर्षण गर्दछु। साथै उक्त कलेजमा अध्ययनरत नेपाली छात्रा छात्रले सुरक्षित वातावरणमा निर्भीकताका साथ अध्ययन गर्ने वातावरण बनाउन पनि सरकारलाई आग्रह गर्दछु।"

तत्पश्चात, सम्माननीय अध्यक्षले शून्य समयमा बोल्नका लागि प्राप्त भएको नामावली अनुसार देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

**माननीय सदस्य पदम बहादुर परियार**ले तनहुँ जिल्लामा जनप्रतिनिधिले कर्मचारीलाई कुटपिट गरेको विषय उठाउँदै यस्ता घटना नदोहोरिने व्यवस्था गर्न सरकारसँग माग गर्नुभयो।

**माननीय सदस्य मनरूपा शर्मा**ले तनहुँ जिल्लामा वडा सचिव कुटिएको विषयमा सरकारको ध्यानाकर्षण गराउनु भयो।

**माननीय सदस्य रुकमिणी कोइराला**ले भारतको कलिङ्गा इन्स्टिच्युट अफ इन्डष्ट्रियल टेक्नोलजीमा अध्ययनरत प्रकृति लम्सालको रहस्यमय मृत्युको विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य रेनु चन्द**ले बैतडी जिल्लामा प्रकाश दमैकी आमाको लासले दलित भएकै कारण मलामी नपाएको घटना प्रति खेद प्रकट गर्नुभयो।

**माननीय सदस्य विष्णु कुमारी सापकोटा**ले भारतको कलिङ्गा इन्स्टिच्युट अफ इन्डष्ट्रियल टेक्नोलजीमा अध्ययनरत प्रकृति लम्सालको रहस्यमय मृत्युको विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य विष्णु देवी पुडासैनी**ले काठमाडौंमा मेलम्ची खानेपानीको पाइप फुटेको उदाहरण दिदैं विकासमा समन्वय गर्न आग्रह गर्नुभयो।

**माननीय सदस्य विष्णु बहादुर विश्वकर्मा**ले भारतको कलिङ्गा इन्स्टिच्युट अफ इन्डष्ट्रियल टेक्नोलजीमा अध्ययनरत प्रकृत लम्सालको रहस्यमय मृत्युको विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारी**ले भारतको कलिङ्गा इन्स्टिच्युट अफ इन्डष्ट्रियल टेक्नोलजीमा अध्ययनरत प्रकृति लम्सालको रहस्यमय मृत्युको विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य सावित्री मल्ल**ले भारतको कलिङ्गा इन्स्टिच्युट अफ इन्डष्ट्रियल टेक्नोलजीमा अध्ययनरत प्रकृति लम्सालको रहस्यमय मृत्युको विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले शून्य समयमा माननीय सदस्यले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो।

तत्पश्चात, सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको तर्फवाट माननीय भौतिक पुर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहाललाई **"लोकसेवा आयोगको आर्थिक वर्ष २०८०/८१ को पैंसठ्ठिऔं वार्षिक प्रतिवेदन"** साभा समक्ष पेस गर्न समय उपलव्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रतिवेदन पेस गर्नुभयो।

तत्पश्चात, सम्माननीय अध्यक्षले, **माननीय भौतिक पुर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहाललाई "पानिजहाज (सञ्चालन तथा व्यवस्थापन) विधेयक, २०८१ लाई दफादार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलव्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्ताव प्रस्तुत गर्नुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भयो।

तदनुरुप, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक **२०८१ साल फागुन ११ गते आइतबार अपराह्न १ बजेर १५ मिनेटमा** बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(पद्मप्रसाद पाण्डेय)

महासचिव